निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४४१७, मिति २०७७-०३-१२ को पत्रबाट अनुगमन गर्ने सम्बन्धमा लेखी आएको हुँदा देहायबमोजिम गर्ने, गराउने।

क. स्थानीय तहहरूमा रहेका क्वारेन्टिन, आइसोलेशन तथा होल्डिङ सेन्टरहरूको समय समयमा नियमितरूपमा स्थलगत अनुगन गर्ने, गराउने,

ख. उक्त स्थलहरूमा पर्याप्त मात्रामा स्वास्थ्यकर्मीहरू कार्यरत रहे/नरहेको जाँच गर्ने,

ग. नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट स्वीकृत भएको "कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड-२०७६" मा उल्लेख भएका सुविधाहरू उपलब्ध भए/नभएको जाँच गर्ने,

घ. उक्त स्थलहरूमा पर्याप्त मात्रामा सुरक्षा व्यवस्था उपलब्ध भए/नभएको अनुगमन गरी नभएको खण्डमा तत्काल उपलब्ध गराउने,

ङ. जोखिम न्यूनीकरण गर्नका लागि पर्याप्त मात्रामा स्वास्थ्य सुरक्षा भए/नभएको जाँच गर्ने,

च. उक्त सथलहरूमा बस्ने व्यक्तिहरूले न्यूनतम भौतिक/सामाजिक दूरी कायम गरे/नगरेको हेर्ने र दूरी कायम नभएको पाइएमा कायम गर्न लगाउने ।

२. मिति २०७७-०३-१० गते बसेको प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC)को बैठकबाट "प्रदेश सरकारबाट कम्तिमा १० प्रतिशत बेड महिलाहरूलाई सुरक्षित गर्ने गरी मकवानपुर जिल्लामा २०० बेड रहने गरी आइसोलेशन वार्ड निर्माण गर्ने" भनी निर्णय भएअनुसार यस जिल्लामा उल्लिखित संख्यामा आइसोलेशन वार्ड निर्माण गर्ने सन्दर्भमा उपयुक्त स्थानको पहिचान तथा आवश्यक स्रोत साधनको सूची तयार गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा सिफारिस गर्न देहायबमोजिमको एक सहित गठन गर्ने ।

| | |
|---|---|
| जिल्ला समन्वय अधिकारी, श्री आनन्दराज पोखरेल | संयोजक |
| बरिष्ठ जनस्वास्थ्य प्रशासक, श्री प्रणय कुमार उपाध्याय | सदस्य |
| मे.सु., प्रवीण श्रेष्ठ | सदस्य |

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी